बढैयाताल गाउँपालिका

# बढैयाताल गाउँपालिकाको राजपत्र

खण्डः क  संख्याः १ प्रमाणीकरण मितिः २०७४/१२/०१

**भाग-१ र २**

**बढैयाताल गाउँपालिका**

**२०७४ सालको कार्यबिधि नं.१**

## बढैयाताल गाँउपालिकाको राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७४

**प्रस्तावना :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न बञ्छनीय भएकोले बढैयाताल गाउँसभाले यो ऐन जारी गरीएको छ ।

**भाग- १**

**प्रारम्भिक**

१. **ऐन नामः**-यस ऐन को नाम“बढैयाताल गाँउपालिकाको राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७४” रहेको छ ।

२. **ऐन लागू हुनेः**-यो ऐन बढैयाताल गाउँसभााबाट पारित भै प्रमाणिकरण भएको मिति देखि लागु हुनेछ ।

**भाग-२**

**स्थानीय राजपत्रको भाग र ढाँचा**

३. **स्थानीय राजपत्रको भागहरु :-** बढैयाताल गाँउपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषय वस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचाः-** बढैयाताल गाँउपालिकाको राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः-** बढैयाताल गाँउपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष देखीनै क्रमश संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्याः** (१) बढैयाताल गाँउपालिकाको राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी प्रकासन गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामाग्रीः-** बढैयाताल गाँउपालिकाको राजपत्र प्रकाशन गर्दा बिषय वस्तु सँग सम्बन्धित भागको उल्लेख गरी सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः-** बढैयाताल गाँउपालिकाको राजपत्र गाउँपालिकाको अध्यक्ष वा आज्ञाले प्रमुख प्रशासकीय अधिकृत तथा अन्य अधिकृतले प्रकाशन गर्ने छन ।

## भाग-३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः-**(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने :-**(१) प्रकाशन हुने सामग्री गाउँकार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादनगरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः-** (१) प्रमाणीकरण भई आएका सामाग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** :-बढैयाताल गाँउपालिकाको राजपत्र प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकार
(ख) जिल्ला समन्वय समिति,
(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,
(घ) बढैयाताल गाँउपालिकाका विभाग/महाशाखा/उपशाखा
(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः-** बढैयाताल गाँउपालिकाको राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः-**बढैयाताल गाँउपालिकाको राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाई मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ । प्रकासित राजपत्र र ऐन कानून तथा कार्यबिधि नियम, नियमावलीको मुल्य कार्यपालिकाले तोके अुसार हुनेछ ।

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :-**बढैयाताल गाँउपालिकाको राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **कार्यविधिको व्याख्याः-** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाऊः-** यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागु गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## बढैयाताल गाँउपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा बढैयाताल गाँउसभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा बढैयाताल गाउँकाय पालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-१**

**बढैयाताल गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

...........................

**(प्रमाणिकरण गर्ने )**

**नाम :- श्री लाल बहादुर श्रेष्ठ**

**पद :- अध्यक्ष**

**बढैयाताल गाउँपालिका कार्यालय,**

**मैनापोखर ( बर्दिया )**

**प्रदेश नं. ५ नेपाल**

अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाँउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः...                संख्याः...                                         मितिः ..../../..

**भाग-२**

**बढैयातालगाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

**(प्रमाणिकरण गर्ने )**

**नाम :- श्री लाल बहादुर श्रेष्ठ**

**पद :- अध्यक्ष**

**बढैयाताल गाउँपालिका कार्यालय,**

**मैनापोखर ( बर्दिया )**

**प्रदेश नं. ५, नेपाल**